# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, कात्तिक ८ गते, २०७४ साल (संख्या ३३


## भाग ३

### नेपाल सरकार

## खानेपानी तथा सरसफाइ मन्त्रालयको सूचना

### ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७४

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२ मा संशोधन : ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (ज१) को सट्टा देहायको खण्ड (ज१) राखिएको छ :-

"(ज१) "मन्त्रालय" भन्नाले खानेपानी तथा सरसफाइ सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. मूल आदेशको दफा ३ मा संशोधन : मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) र (२क) को सट्टा देहायका उपदफा (२) र (२क) राखिएका छन् :-

"(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) प्रतिनिधि, (रा.प.प्रथम श्रेणी) मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी) संघीय मामिला तथा स्थानीय विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) समितिको कार्यक्रम लागू भएका नगरपालिकाका प्रमुख वा उपप्रमुखहरुमध्येबाट मन्त्रालयले तोकेको एकजना - सदस्य

(घ) समितिको कार्यक्रम लागू भएका गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षहरुमध्येबाट मन्त्रालयले तोकेको एकजना - सदस्य

(ङ) सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको र विगत एक वर्ष देखि कुनै राजनीतिक दलसँग सम्बन्धित पदमा नरहेको ग्रामीण खानेपानी तथा सरसफाइ ईन्जिनियर दुई जना, सहभागितामूलक ग्रामीण विकासमा काम गरेको एकजना, कानून, समाजशास्त्र वा व्यवस्थापन विषय अध्ययन गरी सम्बन्धित क्षेत्रमा काम गरेको एकजना र स्वास्थ्य तथा सरसफाइका क्षेत्रमा काम गरेको एक जना समेत गरी कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने गरी - सदस्य मन्त्रालयले मनोनयन गरेका पाँचजना -सदस्य

(२क) उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यहरुको मनोनयनको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयमा एक सिफारिस समिति रहनेछ।"

(२) उपदफा (५) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४. <u>मूल आदेशको दफा ४ मा संशोधन:</u> मूल आदेशको दफा ४ को,-

(१) खण्ड (ङ३) मा रहेका "स्थानीय निकायसँग" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (छ) मा रहेका "नेपाल सरकार समक्ष" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय समक्ष" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल आदेशको दफा ४क. मा संशोधन:</u> मूल आदेशको दफा ४क.को,-

(१) उपदफा (१) र (२) मा रहेका "जिल्ला विकास समिति" र "सम्बन्धित जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा(३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:

"(३) समितिले सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग सम्झौता गरी कुनै आयोजनामा त्यस्तो गाउँपालिका वा नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोग रहने गरी आयोजनाको तर्जुमा वा कार्यान्वयन गराउन सक्नेछ।"

(३) उपदफा (४) मा रहेका "सम्बन्धित स्थानीय निकायलाई" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई" भन्ने शब्दहरु राखिएका छन्।

६. <u>मूल आदेशको दफा ४घ.मा संशोधन:</u> मूल आदेशको दफा ४घ.को ठाउँ ठाउँमा रहेका "सम्बन्धित स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल आदेशको दफा ८ मा संशोधन:</u> मूल आदेशको दफा ८ को उपदफा (२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

८. मूल आदेशको दफा ११ मा संशोधनः मूल आदेशको दफा ११ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकारको स्वीकृति" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल आदेशको दफा १२ मा संशोधनः मूल आदेशको दफा १२ को उपदफा (४) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
कृष्णराज बि.सी.
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३